# कोरोना (COVID-19) रोग बीमालेख

अनुसूचीमा उल्लेख भएको प्रस्ताव तथा उद्घोषणलाई यस करारको आधार मान्ने गरी शिखर इन्स्योरेन्स कम्पनी लि. (यस पछि बीमक भनिनेछ) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम बीमाशुल्क भुक्तानी पनि प्राप्त भएकोले;

अनुसूची बमोजिम बीमाशुल्क भुक्तानी गरे बापत कोरोना भाइरस (Covid-19) रोग लागेको अवस्थामा र भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकार प्रमाणित भएको अवस्थामा यस करारको अधिनमा रही यस बीमालेख बमोजिमका रकम बीमकले भुक्तानी दिनेछ।

यस बीमालेखको अनुसूची, लाभको तालिका, परिभाषा, अपवादहरू र शर्तहरू यस करानामाको अभिन्न अग मानिनेछ।

## परिभाषा

| | | |
|---|---|---|
| बीमित रोग | : | रोग भन्नाले बीमित व्यक्ति कोभिड-१९ भाइरस परजिवीबाट संक्रमित भई यसको लागि नेपाल सरकार, स्वास्थ मन्त्रालय वा सार्वजनिक निकायले निर्धारण गरे अनुसारका Polymerase Chain Reaction (PCR) Test (पिसिआर परीक्षण) गरी सम्बन्धित चिकित्सकबाट कोरोना भाइरस (Covid-19) रोग लागेको पुष्टी भएमा। |
| चिकित्सक | : | चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सिल (Nepal Medical Council) बाट चिकित्सकको कार्य गर्न नियम बमोजिम इजाजत प्राप्त व्यक्तिलाई बुझाउँदछ। |
| बीमित व्यक्ति | : | बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको व्यक्ति वा व्यक्तिहरूलाई बुझाउँदछ। |
| इच्छाइएको व्यक्ति | : | बीमित व्यक्तिको पिसिआर परीक्षण Polymerase Chain Reaction (PCR) Test positive भई कोरोना भाइरस (Covid-19) रोग निदान भएपछि यस बीमालेख अन्तर्गत दाबी रकम प्राप्त गर्नको लागि बीमित व्यक्तिद्वारा इच्छाइएको व्यक्ति वा व्यक्तिहरू। यदि बीमित व्यक्ति नाबालक भएमा, बीमित व्यक्तिको संरक्षकद्वारा मनोनित व्यक्ति तोकिनेछ। मनोनित व्यक्ति नभएमा प्रचलित बीमा ऐन बमोजिम हुनेछ। |
| बीमा अवधि | : | यस बीमालेखको अनुसूची उल्लेख भए अनुसार बीमा शुरु हुने मिति र समय देखि बीमा समाप्त हुने मितिको मध्यरात सम्मको अवधि। |
| सार्वजनिक निकाय | : | सार्वजनिक निकाय वा अधिकार प्राप्त निकाय भन्नाले कानून लागु गर्न/गराउन सक्ने, कब्जामा लिन सक्ने, आदेश जारी गर्न सक्ने, छानबिन वा निर्णय/न्याय गर्न सक्ने कुनै सरकारी, अर्ध सरकारी, कानूनी/संवैधानिक निकाय वा नियम कानून बमोजिम अधिकार प्राप्त संस्थालाई बुझाउँदछ। |

### दावी भुक्तानीः

यस बीमालेखका शर्त, अवस्था तथा अपवादहरूको अधिनमा रही माथि उल्लेखित रोगको संक्रमण भएमा बीमालेखको अनुसूचीमा उल्लेख भएको बीमाङ्क रकम बीमितलाई र दाबी भुक्तान नहुदै बीमितको मृत्यु भएमा बीमितको ईच्छाइएको व्यक्ति वा कानूनी हकदारलाई दाबी भुक्तानी दिइने छ।

### दावी फछ्यौंट विधि

यस बीमालेख अन्तर्गत बीमित घटनाबाट दावी पर्ने अवस्थामा ७ (सात) दिन भित्र बीमकलाई निम्न कागजातहरू सहित लिखित सूचना दिनु पर्नेछ।

### दावी पर्दा पेश गर्नु पर्ने

१. बीमितको नाम, रोग शुरु भएको मिति र विवरण,

२. पूर्ण रुपमा भरिएको दावी फारम।

३. कोरोना रोग पुष्टि गर्न गरिएको परीक्षणको सम्पूर्ण कागजपत्रहरूका साथै अस्पताल भर्ना भएको अवस्थामा भर्ना भएको वा फिर्ता गर्ने समयमा दिने कागज (Discharge Certificate) वा अस्पताल वा चिकित्सकले दिएको कागज।

### दावी नलाग्ने अवस्था (अपबाद)

१. बीमालेख शुरु हुनु भन्दा पहिले देखि कोरोना भाइरस (Covid-19) रोग संक्रमण रहेको र बीमालेख शुरु भएको १५ (पन्ध्र) दिन भित्र संक्रमित भएको अवस्थामा दाबी नलाग्ने।

२. कोरोना संक्रमण बाहेक अन्य कुनै रोगहरू लागेको अवस्थामा दाबी नलाग्ने।

**बीमा अवधि**

यस बीमालेखको अवधि बीमालेख शुरु भएको मिति देखि १२ (बाह्र) महिना सम्म हुनेछ। दावी परिसकेपछि यो बीमालेख स्वतः समाप्त भएको मानिनेछ। तर, पारिवारिक वा सामूहिक बीमालेखको सम्बन्धमा दावी परेको व्यक्तिको हकमा मात्र बीमालेख समाप्त हुनेछ र अन्य व्यक्तिको बीमालेख बीमा अवधिसम्म चालु रहने छ।

**बीमालेखका शर्तहरू**

१. **उमेरको हद**

यस बीमालेख अन्तर्गत समावेश हुन तथा कुनै लाभ प्राप्त गर्न, बीमित व्यक्ति ३ महिना देखि ९९ बर्ष ननाघेको हुनु पर्नेछ।

२. **अभिलेखको निरिक्षण**

यस बीमालेखको बीमा अवधि भित्र बीमकले कुनै पनि समय यस बीमालेखसंग सम्बन्धित बीमितको अभिलेख (Records) को निरिक्षण गर्न सक्नेछ। यस बीमालेख अन्तर्गतको दावी प्रकृया र दावी टुङ्गयाउने कामसंग सम्बन्धित तथ्याङ्क वा कागजपत्रहरूको परीक्षण वा प्रमाणीकरणको लागि बीमितको कुनै वा सबै प्रतिनिधि वा माध्यमसंग अन्तरक्रिया गर्ने अधिकार बीमकसंग हुनेछ। यस काममा बीमितले बीमकलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

३. **भौगोलिक सिमितता**

यो बीमालेख नेपालभित्र बसोबास गरेको अवस्थामा मात्र लागु हुनेछ। बीमित व्यक्ति नेपाल बाहिर रहेको अवस्था बीमालेख निस्क्रीय हुनेछ। विदेशबाट नेपाल पुनः फर्केको अवस्थामा नेपाल प्रवेश गरेको १५ दिनपछि बीमा अवधि समाप्त हुने समयसम्मको लागि बीमालेख स्वतः पुर्नजागरण हुनेछ।

४. **बीमालेखका शर्तहरूको पालन**

बीमितले पालन वा अनुसरण गर्नु पर्ने कुनै पनि कार्यसंग सम्बन्धित अवस्थामा यस बीमालेखका शर्त तथा नियम र बन्देजहरूको अनुसरण र परिपालन गर्नु बीमितको कर्तब्य हुनेछ।

५. **सावधानी**

बीमित व्यक्तिले आफूलाई कोरोना भाइरस (Covid-19) रोग संक्रमण लाग्न नदिनको उचित सावधानी अपनाउनु पर्नेछ।

६. **विशेष व्यवस्था**

यस बीमालेखमा राखिएको, दरपीठ गरिएको वा भिन्दै प्रलेखको रुपमा बीमालेखमा संलग्न गरिएको विशेष व्यवस्था यसै बीमालेखको भाग मानिनेछ।

७. **जालसाज युक्त दावी**

कुनै दावी जालसाजीपूर्ण भएमा वा त्यस सिलसिलामा झुट्टा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ उठाउन खोजेमा वा जानी जानी बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै दावी सिर्जना गरेमा बीमित यस बीमालेखको सबै लाभबाट बञ्चित हुनेछ।

८. **बीमालेखमा विवाद**

यस बीमालेख अन्तर्गत कुनै मतभेद उत्पन्न भएमा प्रचलित बीमा ऐन बमोजिम हुनेछ।

९. **नविकरण सूचना**

बीमितले चाहेको अवस्थामा बीमकले यो बीमालेख नविकरण गर्न सक्नेछ। तर, नविकरण गर्न वा बीमाशुल्क तिर्न बाँकी छ भनी सूचना पठाउन बीमक बाध्य हुने छैन।

१०. **सूचनाहरू**

यस बीमालेख अन्तर्गतका सूचना, निर्देशन वा आदेश लिखित रुपमा हुलाक मार्फत, इमेल, फ्याक्स वा हस्ते पठाउनु पर्नेछ।

११. **ग्राहक सेवा**

बीमितलाई कुनै स्पष्टिकरण वा सहयोग चाहिएमा बीमितले सामान्य कार्यालय समय भित्र बीमकसंग सम्पर्क गर्न सक्नेछ।